निर्णय नं. १

सुन्दरबजार नगरपालिका वडा नं. ६ स्थित सालीमर्याङ खोला देखि कृषि क्याम्पस गेट सम्मको मोटरबाटो स्तरोन्नतिको लागि यस नगरपालिका र बि. डि. बि. अकलादेवी जे. भी. बीच मिति २०७५/०३/०६ गते सम्झौता भई मिति २०७५/०६/२८ गते निर्माण कार्य सम्पन्न गर्ने म्याद रहेकोमा हाल आएर बि. डि. बि. अकलादेवी जे. भी. को तर्फबाट बर्षाको कारण पीच निर्माण कार्य गर्न नहुने भएकोले निर्माण कार्यमा ढिलाई भई निर्धारित म्याद भित्र निर्माण कार्य पूर्ण रूपमा सम्पन्न गर्न नसकिएको भनी ६ महिनाको लागि म्याद थप गरिदिन अनुरोध गरिएको मिति २०७५/०६/१८ गतेको निवेदन र साइट ईन्चार्ज एवं प्राविधिक शाखा प्रमुख श्री जीवन थापाको राय सिफारिस प्रतिवेदन बमोजिम मिति २०७५/०८/२८ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. २

यस नगरपालिकाबाट मिति २०७५/०६/२९ गते प्रकाशित सुन्दरबजार नगरपालिका भवन मर्मतका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना बमोजिम यस कार्यालयमा सो सम्वन्धमा प्राप्त हुन अएका शिलवन्दी दरभाउपत्रहरूको मुल्यांकन गरी राय पेश गर्नको लागि सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) को नियम १४७ अनुसार देहाय बमोजिमको मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो।

देहाय

| सि.नं. | नाम थर | पद | कार्यरत कार्यालय | समितिको पद |
|---|---|---|---|---|
| १ | श्री रामचन्द्र सेढाई | बागवानी बिकास अधिकृत ( खरिद इकाई संयोजक) | सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय (कृषि बिकास शाखा) | संयोजक |
| २ | श्री प्रकाश थापा मगर | लेखा अधिकृत | सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय | सदस्य |
| ३ | श्री जितेन्द्र अधिकारी | शाखा अधिकृत | सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय | सदस्य |
| ४ | ई. श्री जीवन थापा | ईञ्जिनियर | सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय (प्राविधिक शाखा) | सदस्य |
| ५ | श्री दिपेन्द्र पण्डित | नायव सुब्बा | सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय | सदस्य-सचिव |

उक्त समितिले आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्ने।

निर्णय नं. ३

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विकास सहायता तथा समन्वय शाखाको प.सं. ०७५/७६ च.नं. १४२ मिति २०७५/०६/१० को न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्ने सम्वन्धी पत्रको विषयमा आजको बैठकमा छलफल भयो। सो विषयका साथै नगरपालिका अन्तरगतका वडा कार्यालयमा कार्यरत करार सेवाका कार्यालय सहयोगीहरूको उमेर हदको कारण सेवामा रहन नसक्ने अवस्थाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७५ भाद्र १६ गतेको बैठकको निर्णय नं. ७ बमोजिम कै समितिलाई जिम्मा दिने निर्णय गरियो । उक्त समितिको संरचना तपसिल बमोजिम रहेको छ । उपरोक्त समितिले आफ्नो प्रतिवेदन २०७५ कार्तिक मसान्त भित्र पेश गर्ने।

तपसिल

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | मोति प्रसाद गुरूङ | संयोजक |
| २. | रधुनाथ मिश्र | सदस्य |
| ३. | चन्द्रमा घिमिरे | सदस्य |

निर्णय नं. ४

सुन्दरबजार नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा १५ (४) बमोजिमको अनुगमन, सुपरीवेक्षण तथा जाँचपास समितिमा १५ (४) घ बमोजिम रहने सदस्यहरूको सम्बन्धमा छलफल गर्दा १५(५) को व्यस्थालाई दृष्टिगत गरी निम्न अनुसारको वडामा निम्न अनुसारका सदस्यहरू तोक्ने निर्णय गरियो ।

निम्न

| आयोजना संचालन भएको वडा नं. | अनुगमनमा रहने सदस्य | कैफियत |
|---|---|---|
| १ | श्री प्रेम बहादुर दुरा | |
| २ | श्री जय बहादुर अधिकारी र श्री चन्द्रमा घिमिरे | |
| ३ | श्री मोति प्रसाद गुरूङ | |
| ४ | श्री कृष्ण कान्त अधिकारी | |
| ५ | श्री जयराम रेग्मी र श्री बुद्द कुमारी सुवर्णकार | |
| ६ | श्री शान्ता भुजेल | |
| ७ | श्री ललित गुरूङ र श्री सुरेश कुमार दुरा | |
| ८ | श्री कृष्ण राज खनिया र श्री रधुनाथ मिश्र | |
| ९ | श्री अमृत नेउपाने र श्री लक्ष्मी पोखेल | |
| १० | श्री जगत बहादुर खड्का | |
| ११ | श्री सुर्य बहादुर दुरा र श्री राजेन्द्र दर्जी | |

निर्णय नं. ५

सुन्दरबजार नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा १५ बमोजिमको अनुगमन, सुपरीवेक्षण तथा जाँचपास समितिको सेवा सुविधाका सम्बन्धमा अनुगमन, सुपरीवेक्षण, जाँचपास तथा फरफारकको कार्य सम्पादन गरे वापत सवारी साधन, खाना र खाजा वाहेक अन्य सुविधा नलिने निर्णय गरियो।

निर्णय नं. ६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा बिभिन्न कार्यालयहरूबाट यस कार्यालयमा प्राप्त निम्नानुसारका पत्रहरूका सम्वन्धमां बैठकमा जानकारी गराई छलफल गरियो।

निम्न

| क्र.सं. | पत्र पठाउने कार्यालय | पत्रको च.नं. | पत्रको मिति | पत्रको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय मामिला तथा सा.प्र. मन्त्रालय | ३९ | २०७५/०६/१० | नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड सम्बन्धमा। | |
| २ | राष्ट्रिय पुन निर्माण प्राधिकरण | ०८ | २०७५/०५/०८ | Seismic Retrofitting of Unsafe Rural Load Bearing House सम्बन्धी। | |
| ३ | जिल्ला प्रशासन कार्यालय, लमजुङ | ११४८ | २०७५/०७/०६ | अतिक्रमणमा परेका सरकारी सार्वजनिक जग्गांको संरक्षणका लागि निर्मित टिम सम्बन्धी। | |
| ४ | जिल्ला प्रशासन कार्यालय लमजुङ | १२७ | २०७५/०७/०६ | सुन्दरबजार अस्पतालमा पोष्टमार्टम सेवा सुचारू गर्ने सम्वन्धमा। | |
| ५ | ईलाका प्रहरी कार्यालय; भोटेवडार | - | - | समुदाय प्रहरी साझेदारी सम्बन्धी प्रस्तुतीकरण। | प्र.नि. श्री रमेश प्रसाद श्रेष्ठ द्वारा प्रस्तुत गरिएको। |

२०७५/०८/१५